बैठक संख्या ६९ . समयः- विहान १०:०० बजे

आज मिति २०८१ साल फाल्गुण ०४ गते आईतवारको दिन हुप्सेकोट गाउँकार्यपालिकाको कार्यालयमा यस गाउँपालिका अध्यक्ष श्री लक्ष्मी देवी पाण्डे ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी निम्नानुसारको उपस्थितीमा छलफल गरी देहाय अनुसारको निर्णय गरियो ।

उपस्थिती

श्री लक्ष्मी देवी पाण्डे - अध्यक्ष

श्री पूर्ण सिं राना मगर - उपाध्यक्ष

श्री रेवती सारु (मगर) - कार्यपालिका सदस्य एवं गाउँपालिका प्रवक्ता

श्री प्रेम वहादुर घर्ती - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं.१

श्री कृष्ण वहादुर थापा - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं. २

श्री विष्णु राना (मगर) - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं. ३

श्री महेन्द्र पाण्डेय - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं. ४

श्री पदम बहादुर राना मगर - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं. ५

श्री छम वहादुर सोमै मगर - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं. ६

श्री उर्मिला महतो - कार्यपालिका सदस्य

श्री तुलीसरा सोमै मगर - कार्यपालिका सदस्य

श्री विनीसरा ढेंगा मगर - कार्यपालिका सदस्य

श्री मोतीलाल कुमाल - कार्यपालिका सदस्य

श्री केमान सिंह - कार्यपालिका सदस्य

श्री हरि प्रसाद पराजुली - प्रमुंख प्रशासकिय अधिकृत, सदस्य – सचिव

<u>अन्य उपस्थिती</u>

श्री रवि काफ्ले - प्रशासकीय अधिकृत

श्री रविन्द्र सापकोटा - प्रशासकीय अधिकृत

श्री कृष्ण तामाङ - सूचना प्रविधि अधिकृत

CamScanner

मिति २०८१/११/०४ गतेको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु

प्रस्ताव न. १-"घ" वर्गको ईजाजतपत्र जारी गर्ने सम्वन्धमा।

निर्णय न. १.

प्रस्ताव न. १ माथि छलफल गर्दा पुर्वाधार विकास शाखावाट पेश भएको हुप्सेकोट गाउँपालिका वडा न. १ वेलुवामा रहेको सुयोग मल्टि सप्लायर्स एण्ड कन्सट्रक्सन प्रा.लि.लाई "घ" वर्गको ईजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

प्रस्ताव न. २- खेलकुद सहयोग सम्वन्धमा।

निर्णय न. २.

प्रस्ताव न. २ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा न. ४ मा रहेको शंखदेव युवा क्लवलाई गाउँपालिकाको आ.व. २०८१/०८२ मा विनियोजित वजेट शिर्षक खेलकुद उक्त क्लवले पेश गरेको विल भर्पाईका आधारमा रु २०,०००।— उपलव्ध गराउने निर्णय गरियो ।

प्रस्ताव न. ३- प्रतिक्षालय निर्माण सम्वन्धमा।

निर्णय न. ३.

प्रस्ताव न. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०८१/०८२ मा विनियोजित वजेट शिर्षक प्रतिक्षालय निर्माण तथा वस बिसौनीवाट गाउँपालिकाको वडा न. २, ५ र ६ मा प्रतिक्षालय निर्माण गर्ने निर्णय गरियो ।

प्रस्ताव न. ४- समपुरक र विशेष योजना माग सम्वन्धमा।

निर्णय न. ४.

प्रस्ताव न. ४ माथि छलफल गर्दा यस गाउँपालिकावाट आर्थिक वर्ष २०८२/०८३ का लागि संघ र प्रदेश सरकारसंग तपशिल बमोजिमका समपुरक र विशेष अनुदान माग गर्ने निर्णय गरियो ।

तपशिल:

<u>संघीय समपुरक अनुदान</u>

गरिमा चोक, मोहन डाडा, तिनदोभान, पिपलडाडाँ, विरुखर्क हुदै राष्ट्रिय किसान आ.वि.,

गपडाँडा सडक स्तरउन्नती (वडा न. २ र ६)

न्वा मार्ग सुन्दर वस्ति मयुर पोखरी हुदै खोप केन्द्रसम्म सडक कालोपत्रे (वडा न. १ र ३)

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

## मिति २०८१/११/[illegible] गतेको कार्यपालिकाको बैठकका निर्णयहरु

३.वडा न. ४ को कार्यालय हुदै शिक्षा बोधनी मा.वि., चापागाई टोल हुदै जनकल्याण मा.वि. सम्म सडक स्तरननोती ।

**प्रदेश समपुरक अनुदान**

१.बोझा पोखरी, रुद्रपुर राम्चे सडक स्तरउन्नती (वडा न. ५)

२.सम्मेनी झ्यालबास सडक कालोपत्रे (वडा न. २, ३ र ४)

३.गुहेरी पुल देखि ढडयान चोकसम्म कालोपत्रे (वडा न. २)

**संघीय विशेष अनुदान**

१.शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम

**प्रदेश विशेष अनुदान**

१.कुमकिदि खानेपानी योजना (वडा न. ६)

प्रस्ताव न. ५ — सिफारिस गर्ने सम्वन्धमा ।

निर्णय न. ५.

प्रस्ताव न. ५ माथि छलफल गर्दा यस हुप्सेकोट गाउँपालिका वडा नं १ .मा रहेको देउराली सामुदायिक पुस्तकालय मिति २०६८/०३/१० गते देखि नियमानुसार सम्पुर्ण दर्ता प्रकृया पुरा गरि यस हुप्सेकोट गाउँपालिकाको वडा न. १, बेलुवामा रहेको मौसम जलवायु विभागको आवाघरमा हालसम्म निरन्तर रुपमा संचालनमा रहेको र उक्त जग्गाको फिल्ड बुकमा बगैचा जनिए पनि साविक देखि नै पुस्तकालय संचालन भएकोले प्रदेश सरकारवाट आ.ब.२०८१/०८२ मा बजेट विनियोजित भएकोले उक्त विनियोजित वजेटबाट योजना सम्झौता गरी कार्य अगाडी बढाउनका लागि सम्वन्धित निकायमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

प्रस्ताव न. ६ — योजना सम्झौता गर्ने सम्वन्धमा ।

निर्णय न. ६.

प्रस्ताव न. ६ माथि छलफल गर्दा हुप्सेकोट गाउँपालिकाको वडा न. ४ मा बुद्ध चोक आदर्श नहर कुलो निर्माणका लागि गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ मा विनियोजित वजेट शिर्षक अन्य पुर्वाधार विकास कार्यक्रम शिर्षकवाट रु ५०,०००।— रकम खर्च गर्ने गरि सम्झौता गरि योजना कार्यन्वयन गर्ने निर्णय गरियो ।

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

मिति २०८१/११/०४ गतेको कार्यपालिकाको बैठकका निर्णयहरु

प्रस्ताव न. ७ — रकम उपलव्ध गराउने सम्वन्धमा ।

निर्णय न. ७.

प्रस्ताव न. ७ माथि छलफल गर्दा सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा बेश चोरमारा, नवलपरासी (ब.सु.पू.) को च.न. ८९, मिति २०८१/११/०४ को पत्रवाट सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा बेश, चोरमारामा निर्माण सम्पन्न भएको नँया भवनको रंग रोगन तथा वायरिङ्गको लागि चाहिने ईलेक्ट्रिकल समानहरु खरिद गर्नका लागि आवश्यक सहयोग गरिदिन अनुरोध भए वमोजिम रु २००००।— उपलव्ध गराउने निर्णय गरियो ।

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

CamScanner